# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (४), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, असार १७ गते २०७७ साल, संख्या ४

## भाग-२

नेपालको संबिधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखीए बमोजिमको नियमावली/कार्यबिधि तथा निर्देशिका सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि(पहिलो) संशोधन २०७७

प्रमाणीकरण मिति : २०७७/०३/१७

प्रस्तावना :

सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ लाई संशोधन गर्न वान्छनीय भएकोले नगर कार्यपालिकाको यो कार्यविधि लागु गरिएको छ ।

**१. संक्षिप्त परिचय र प्रारम्भः**

क. यस कार्यविधिको नाम 'सूर्योदय नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (पहिलो) संशोधन २०७७' रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट लागु हुनेछ ।

**२. यस कार्यविधिको अनुसूची-४ को करार सम्झौताको ढाँचा परिवर्तन गरी निम्नानुसार राखिएको छ।**

**अनुसूची - ४**

(बुँदा ७.१ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

सूर्योदय नगर कार्यपालिकाको कार्यालय

फिक्कल, इलाम

प्रदेश नं. १, नेपाल

**करार सम्झौता**

सूर्योदय नगर कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको ) र ........... जिल्ला, ......... नगरपालिका, **वडा नं ....** बस्ने श्री ................... (यसपछि दोश्रो पक्ष भनिएको ) का बीच सूर्योदय ननगरपालिकाको .......... (पद) को कामकाज गर्न गराउन मिति ....... को निर्णय अनुसार देहायका कार्य /शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थान :सूर्योदय नगरपालिका रहेको स्थान हुने छ । आवश्यकता अनुसार अन्य स्थानमा खटाउन सकिनेछ ।

३. करारमा काम गरे बापत पाउने पारिश्रमिक : प्रत्येक महिना व्यतित भए पछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु . ..... ( अक्षरेपी रु. ....... मात्र ) पारिश्रमिक उपलब्ध गराउनेछ। चाडबाड खर्च एक महिनाको पारीश्रमिक बराबर र नियमानुसार पोशाक भत्ता उपलब्ध हुनेछ। *(विशेष परिस्थितिमा वाहेक कार्यालयले तोकेको पोशाक नलगाई कार्यालयमा उपस्थित भएमा पोशाक भत्ता उपलब्ध हुने छैन )।* सम्झौता नविकरण गर्दाका बखत सेवा सुविधा थपघट हुन सक्नेछ। नगरपालिकाले स्वीकृत गरे बमोजिम कार्यसम्पादनमा आधारित

प्रोत्साहन प्रणाली (PBIS) कार्यविधि,२०७६ अनुसारको प्रोत्साहन भत्ता र सोहि पदका कर्मचारीले पाए सरहको नियमानुसारको दैनिक भ्रमण भत्ता तथा नियमानुसारको भत्ता उपलब्ध गराइनेछ ।

४. आचरणको पालनाः दोश्रो पक्षले सूर्योदय नगरपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदा : घर विदा वार्षिक १२ दिन संचित नहुने गरी हु नेछ । कर्मचारी आफै क्रिया बस्नु परेको खण्डमा १५ दिन क्रिया विदा र महिला कर्मचारीको हकमा सुत्केरी हुन अधी र पछी गरी ९८ दिन सुत्केरी विदा पाउनेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार २०७....।...।.... देखि लागु भई २०७... ... मसान्त सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा , सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन अस मर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| **नगरपालिकाको तर्फबाटः** | **दोस्रो पक्ष (करार गर्ने व्यक्ति) :** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : **प्रमुख प्रशासकीय अधिकृत** | ठेगानाः |

कार्यालयको छापः

साक्षी

१.
२.

(ईति सम्वत् ........ साल ......... गते रोज .... शुभम्)

आज्ञाले
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत